## प्रेस विज्ञप्ति

राष्ट्रिय योजना आयोगका सदस्य एवम् खाद्य प्रणाली राष्ट्रिय संयोजक माननीय डा. जयकान्त राउतको अध्यक्ष्यतामा खाद्य प्रणाली निर्देशक समितिको पाँचौ बैठक मिति २०८० भदौ ७ गते बसेको छ। माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. वेदुराम भूषालज्यूको विशेष आतिथ्यता रहेको उक्त बैठकमा खाद्य प्रणाली रुपान्तरणका क्षेत्रमा भएका हाल सम्मको प्रगति, गत महिना ईटलीको रोममा संयुक्त राष्ट्र खाद्य प्रणाली शिखर सम्मेलन पछिका उपलब्धीको समीक्षा, तथा खाद्य प्रणाली रुपान्तरणका प्रयासलाई स्थानीकरणबारे छलफल गरिएको थियो।

सम्माननीय प्रधानमन्त्रीज्यूको नेतृत्वमा एक टोलीले सन् २०२३ जुलाई २४-२६ मा ईटालीको रोममा सम्पन्न भएको अन्तर्राष्ट्रिय सम्मेलन कार्यक्रममा सहभागी भई सन् २०२१ को शिखर सम्मेलनका उपलब्धीको समीक्षा गरिनुका साथै आगामी २ वर्षका प्राथमिकता र प्रतिबद्धता आदानप्रदान गरिएको विषय बैठकमा जानकारी गराइएको थियो । उक्त अन्तर्राष्ट्रिय सम्मेलन कार्यक्रममा सम्माननीय प्रधानमन्त्रीज्यूले कम विकसित मुलुकहरूको समूहको अध्यक्षका हैसियतमा उद्घाटन सत्रमा सम्वोधन गर्नुभएको थियो। यसैगरी दिवा खाजा र खाद्य प्रणालीका सत्रहरूमा पनि सम्वोधन गर्नुभई खाद्य प्रणाली रुपान्तरणका प्रयासमा भएको नेपालको प्रगति र भावी कार्यक्रमबारे जानकारी गराउनु भएको विषय, त्यसैगरी उक्त टोलीमा रहनुभएका माननीय कृषि तथा पशुपन्छी विकास मन्त्रीज्यूले खाद्य प्रणालीको सत्रमा र राष्ट्रिय योजना आयोगका सदस्य माननीय डा. जयकान्त राउतले खाद्य प्रणाली राष्ट्रिय संयोजकलाई सशक्तिकरण गर्ने विषयको सत्रमा सम्वोधन गर्नु भएको विषय समेत आजको बैठकमा जानकारी गराइएको थियो।। शिखर सम्मेलनमा खाद्य प्रणालीलाई समतामूलक, उत्थानशील र दिगो बनाउनका लागि नेपाल सरकार क्रियाशिल रहेको र खाद्य प्रणाली रूपान्तरणका क्रियाकलापहरू शिघ्रातिशिघ्र स्थानीयकरण गरिने नेपालको प्रतिवद्धता रहेको बारेमा समेत निर्देशक समितिको बैठकमा जानकारी गराईएको थियो।

माननीय कृषि तथा पशुपन्छी विकास मन्त्री डा. वेदुराम भुसालले सम्माननीय प्रधानमन्त्रीज्यूले उक्त शिखर सम्मेलनमा जनाउनु भएको प्रतिवद्धताहरूलाई कार्यान्वयन गर्नुपर्ने आवश्यकता रहेको भनी बैठकमा जानकारी गराउनु भएको थियो । साथै, माननीय मन्त्रीज्यूले रैथाने बाली प्रवर्द्धन गर्ने विषय हामीले अन्तरराष्ट्रिय सम्मेलनमा प्रतिवद्धता जनाईएकोले प्रभावकारी कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्ने कुरामा

जोड दिनु भएको थियो। राष्ट्रिय योजना आयोगका सदस्य एवम् खाद्य प्रणाली राष्ट्रिय संयोजक माननीय डा. जयकान्त राउतले खाद्य प्रणाली रूपान्तरणका लागि स्थानीयस्तरमा सञ्चालन गरिने क्रियाकलापहरूमा सम्वद्ध पक्षहरूलाई सहकार्य गर्न अनुरोध गर्नु भएको थियो।

बैठकको सुरूवातमा स्वागत मन्तव्य राख्दै राष्ट्रिय योजना आयोगका सह-सचिव श्री सुमन दाहालले खाद्य प्रणाली रूपान्तरण सम्वन्धी क्रियाकलापहरूमा सम्वद्ध पक्षहरूको सहकार्यबाट नै रुपान्तरणका उद्देश्य प्राप्त गर्न सकिने भएकोले हातेमालो गर्दै अगाडि बढ्न अनुरोध गर्नु भएको थियो। उक्त बैठकमा राष्ट्रिय योजना आयोगका कार्यक्रम निर्देशक श्री निशा थापा राउतले खाद्य प्रणाली रूपान्तरणमा हालसम्म भएका क्रियाकलापहरू र भविष्यका कार्यक्रमहरूको साथै खाद्य प्रणाली रुपान्तरणको कार्य योजना र स्थानीयकरणका बारेमा जानकारी गराउनु भएको थियो।

खाद्य प्रणाली निर्देशक समितिको बैठकले खाद्य प्रणाली रूपान्तरणका लागि स्थानीयस्तरमा सञ्चालन गरिने योजना तर्जुमा गोष्ठी नमूना परीक्षणको लागि कोशी प्रदेशबाट साँगुरीगढी गाउँपालिका (धनकुटा), मधेश प्रदेशबाट हनुमाननगर कंकालिनी नगरपालिका (सप्तरी), बागमती प्रदेशबाट ईच्छाकामना गाउँपालिका (चितवन), गण्डकी प्रदेशबाट मादी गाउँपालिका (कास्की), लुम्विनी प्रदेशबाट बाणगंगा नगरपालिका (कपिलवस्तु), कर्णाली प्रदेशबाट सान्नीत्रिवेणी (कालिकोट) र सुदूरपश्चिम प्रदेशबाट मोहन्याल गाउँपालिका (कैलाली) छनौट गर्ने निर्णय गरेको थियो। विषयगत मन्त्रालय, संयुक्त राष्ट्रसंघका निकाय, विकास साझेदार, स्थानीय तह, किसान, नागरिक समाज तथा निजी क्षेत्रको सहभागिता रहेको उक्त बैठकका सबै सहभागीहरुले खाद्य प्रणाली रुपान्तरणका प्रयासमा आ-आफ्नो ठाउँबाट सहयोग गर्ने प्रतिवद्धता जनाउनु भएको थियो।